図書館利用案内　ネパール語　　2024年9月

तोयानाखा नगरपालिका पुस्तकालय प्रयोग सम्बन्धि जानकारी

तोयोनाखा नगरपालिका पुस्तकालयको होमपेज https://www.lib.toyonaka.osaka.jp/

२०१७ नोभेम्बर

तोयानाखा नगरपालिका पुस्तकालयको होमपेज

दर्ता, सदस्यता कार्ड बनाउने बारे

तोयानाखा नगरपालिकामा बसोबास गर्नुहुने, काम गर्नु हुने वा बिद्यालय जानु हुने जो सुकै ब्यक्तिहरुले पुस्तकालयमा सदस्यता दर्ता गर्न सक्नु हुन्छ। सदस्यताको लागि आवेदन फारम काउन्टरमा बुझाउनु होस। आवेदन दिने बेलामा नै तपाईंलाई सदस्यता कार्ड दिइने छ। तपाईंको ठेगाना पुष्टि गर्न सकिने कागजपत्रहरु (रेसिडेन्ट कार्ड, सवारी चालक अनुमति पत्र, बिद्यार्थी परिचय पत्र, हुलाक मार्फत आएका सामानहरु) देखाउनुहोस। (प्राथमिक बिद्यालय भन्दा मुनिका बिद्यार्थीहरुको लागि आवश्यक छैन।)

- तोयानाखा नगरपालिकाका सम्पुर्ण पुस्तकालयहरुमा सदस्यता कार्ड मान्य हुने छ।
- सदस्यता कार्ड हराएमा, नाम ठेगाना, फोन नम्बर आदि परिवर्तन भएमा पुस्तकालयमा खवर गर्नुहोस।

➢ सापटी, अध्ययन सामाग्री सापट लिने बारे

अध्ययन सामाग्री र सदस्यता कार्ड लिएर काउन्टरमा सम्पर्क राख्नुहोस।

- किताब, चित्र पुस्तक, पत्रिका, सिडि, प्रमोशनल भिडियो, क्यासेट आदि, चलचित्र भिडियो, चलचित्र डिभिडि गरी जम्मा १० थान सम्म सापट लिन सकिन्छ।
  (यस मध्ये सिडि ४ थान, चलचित्र भिडियो, चलचित्र डिभिडि १ थान सम्म मात्र पाइन्छ।)
- पुस्तकालयमा पत्रपत्रिका, सन्दर्भ पुस्तक आदि सापट दिन नमिल्ने सामाग्रीहरु पनि रहेका छन।
- अध्ययन सामाग्रीहरु लगातार प्रयोग गर्न चाहनु भएको अवस्थामा
  सर्व प्रथम अध्ययन सामाग्री फिर्ता गर्ने म्याद सम्ममा पुस्तकालयमा ल्याई सक्नु पर्नेछ। अन्य पाठकहरुले बुकिङ्ग नगरेको अवस्थामा पुन लिई प्रयोग गर्न सकिन्छ। तर चलचित्र भिडियो, चलचित्र डिभिडि हरु भने लगातार सापट लिन सक्नु हुन्न।

➢ फिर्ता, अध्ययन सामाग्री फिर्ता गर्ने प्रक्रियाका बारे

- ✧ अध्ययन सामाग्री फिर्ता गर्ने म्याद भित्रमा काउन्टरमा आई फिर्ता गर्नुहोस । सामाग्री राख्ने ठाँउमा गई सिधै सामान फिर्ता नगर्नु होस । (फिर्ता दिंदा सदस्यता कार्डको जरुरी छैन ।) तोयोनाखा नगरपालिका भित्रका जुनसुकै पुस्तकालयहरुमा पनि तपाईंले सापट लिनु भएको अध्ययन सामाग्री फिर्ता गर्न सक्नु हुन्छ । अध्ययन सामाग्री फिर्ता गर्न ढिला गर्नु भएमा अन्य सामाग्रीहरु सापट लिन नमिल्ने पनि हुन सक्छ । त्यस्तै तपाईंले सापट लिनका लागि बुकिङ्ग गर्नु भएको सामाग्रीको बुकिङ्ग पनि रद्द हुन सक्छ ।

- ➢ अध्ययन सामाग्री फिर्ता गर्ने बाकसको बारे

  पुस्तकालय बन्द भएको बेलामा अध्ययन सामाग्री फिर्ता गर्नु पर्ने भएमा फिर्ता गर्ने निश्चित बाकसमा फिर्ता गर्नुहोस । (पुस्तकालय कक्ष भन्दा बाहिर यस्ता फिर्ता गर्ने बाकस राखिएका हुन्छन ।) पुस्तकालय खोलेको बेलामा भने यो बाकसको प्रयोग गर्न मिल्दैन । होतारुगाइके पुस्तकालयको फिर्ता गर्ने बाकस बेलुकी ९ बजे बाट बिहान ८ बजे सम्म प्रयोग गर्न मिल्दैन ।

  (सिडि आदि अडियो भिडियोका सामाग्रीहरु बिग्रन सक्ने भएकोले यस्ता फिर्ता गर्ने बाकसमा नराख्नु होस । त्यस्तै, ओकामाची, नोबाताके, हिगासि तोयोनाखा, स्योनाइ, सेन्री, हात्तोरी, ताखागावा, होतारुगाइके पुस्तकालयहरुमा मात्र अडियो भिडियोका सामाग्रीहरु फर्काउन सकिने बिशेष बाकस हरु राखिएका छन । )

  - ✧ पुस्तकालयका सामाग्रीहरु सबैको प्रयोगको लागि हो । जतन गरेर चलाउनु होस ।
  - ✧ तपाईंले लिनु भएको सामाग्री फिर्ता गर्ने म्याद भित्र फिर्ता गर्नु हेस ।

- ➢ सापटी, बुकिङ्ग अवस्था आदि बारे आफैले जान्न चाहेको बेलामा

  तोयोनाखा नगरपालिका पुस्तकालयको होमपेज वा प्रत्येक पुस्तकालयमा प्रयोगकर्ताहरुको लागि राखिएको कम्प्युयटरबाट आफनो सापटी अवस्था तथा बुकिङ्गको अवस्था बारे जान्न वा बुकिङ्ग गर्न सकिन्छ । यसका लागि अस्थायी पासवर्ड आवश्यक पर्ने भएकोले काउन्टरमा सम्पर्क राख्नुहोस । (सदस्यता कार्ड र आफनो परिचय खुल्ने कागज पत्र लिएर आउनुहोस ।)

- ➢ कितावको खोजी तथा अनुरोध गर्ने बारे
  - ✧ पुस्तकालयमा प्रयोगकर्ताहरुको लागि राखिएको कम्प्युटर (अनलाइन पब्लिक एक्सेस क्याटलग) मार्फत आवश्यक अध्ययन सामाग्रीको खोजी गर्न सकिन्छ ।
  - ✧ तपाईंले खोज्नु भएको अध्ययन सामाग्री (किताब) नभेटिएमा पुस्तकालयका कर्मचारीलाई सोध्नुहोस । सामाग्री नभेटेको अवस्थामा अनुरोध पत्र लेखेर बुझाउनु भएमा कसैले लगेको भए पनि फिर्ता भए पछि बुकिङ्गको क्रमानुशार तपाईंलाई उपलब्ध गराइने छ ।

पुस्तकालयमा उक्त सामाग्री नभएमा खरिद गर्ने वा प्रिफेक्चरल पुस्तकालयबाट लिएर तपाईंलाई उपलब्ध गराउने वा उक्त सामाग्री भएको ठाँउको बारे तपाईंलाई जानकारी दिई तपाईंलाई अनुकुल हुने गरी सहयोग गर्ने छौं ।

- ✧ अनुरोध गर्न मिल्ने सामाग्री १० थान (जस मध्ये सिडि २ थान, चलचित्र भिडियो, चलचित्र डिभिडि १ थान) मात्र रहने छ ।
  - ✓ तोयोनाखा नगरपालिका पुस्तकालयमा उपलब्ध रहेको सिडि, मान्गा, पत्रिका, चलचित्र भिडियो, चलचित्र डिभिडिमात्र अनुरोध गर्न सकिने छ ।

➢ खोजी, सामाग्री रिफरेन्स सेवाहरुको बारे

दैनिक जीवनी तथा तथ्यांक, खोज अध्ययनका लागि चाहिने सामाग्रीहरुको बारेमा पनि सम्पर्क राख्नुहोस ।

सामाग्री प्रयोग पछिको उत्तर तथा सामाग्री परिचय गराई दिने लगायत सामाग्री खोजी गर्नको लागि पनि सहयोग गर्ने छौं ।

(ओखामाची, सेन्री पुस्तकालयहरुमा रहेको सन्दर्भ सामाग्री कक्षमा सम्पर्क राख्नुहोस ।)

➢ फोटोकपी सेवा

कपी राइट कानुनको परिधीमा रहि पुस्तकालयमा राखिएको सामाग्रीहरु फोटोकपी गर्न सकिन्छ ।

१ प्रतिको १० येन

- ✓ ओखामाची, स्योनाई, सेन्री, नोबाताके, हिगासी तोयोनाखा, हात्तोरी, ताखागावा र होतारुगाइके पुस्तकालयहरुमा यो सेवा उपयोग गर्न सकिन्छ ।

➢ अन्य सेवाहरु

- ✧ सामुहिक सापटि सेवा : अध्ययन समुह, सामाजिक समुह, बिद्यालयहरु जस्ता नगरपालिका भित्रका समुहहरुलाई एकमुष्ठ सामाग्री सापटि दिन मिल्ने व्यवस्था छ ।
- ✧ बिश्वका बालबालिकाको पुस्तक कक्ष

  ओखामाची पुस्तकालयको बाल पुस्तक कक्षमा बिश्वका बिभिन्न मुलुकका बाल पुस्तकहरु राखिएका छन । यी पुस्तकहरु सापट दिने ब्यवस्था पनि छ ।

  (बालकक्ष संचालन समय : १० बजे बाट १७ बजे सम्म)
- ✧ अंग्रेजी माध्यमका समाचार पत्र, पत्रपत्रिका राखिएको पुस्तकालय पनि छन ।
- ✧ शारिरीक अपागंता भएका ब्यक्तिहरुका लागि सेवा : तोयोनाखा नगरपालिकामा बसोबास गर्नुहुने शारिरीक अपांगता भएका ब्यक्तिहरुका लागि हुलाक वा अन्य कुरियर मार्फत सामाग्री घरमा पठाई सापटि दिने ब्यबस्था पनि छ ।

- ◆ सानो अक्षर पढन नसक्ने व्यक्तिहरुको लागि ओखामाची, स्योनाई, सेन्री, नोबाताके, होतारुगाइके पुस्तकालयहरुमा बिशेष चश्माको ब्यबस्था पनि गरिएको छ ।
- ◆ श्रवण शक्ति कमजोर भएका व्यक्तिहरुको लागि स्योनाई,सेन्री, होतारुगाइके पुस्तकालयमा लुप फर हेयरिंगेड को व्यवस्था गरिएको छ ।

➢ बुक मोबाइल

पुस्तकालय टाढा भएर जान सक्दिन भन्ने व्यक्तिहरुको लागि पुस्तकालयको गाडि घुमेको बेला सापटी दिने व्यवस्था गरिएको छ ।
(नगरपालिका भित्रका स्टेशनहरुमा करिब एक महिनामा एक पटक घुम्ने ब्यबस्था छ ।)

तपाईंहरु सबैलाई पुस्तकालयमा हार्दिक स्वागत छ ।

पुस्तकालयले प्रयोगकर्ताहरुको गोपनियता कायम गर्ने छ ।

➢ पुस्तकालय खुल्ने समय

<table>
<tr><th></th><th></th><th>सर्वसाधारणको अध्ययन कक्ष</th><th>बाल अध्ययन कक्ष</th><th>रिफरेन्स कक्ष</th></tr>
<tr><td rowspan="2">ओखामाची पुस्तकालय</td><td>मंगलबार बाट शुक्रबार</td><td>१० बजे देखि १९ बजे सम्म</td><td colspan="2">१० बजे देखि १७ बजे सम्म</td></tr>
<tr><td>शनिबार, आइतबार, पर्ब बिदा</td><td colspan="3">१० बजे देखि १७ बजे सम्म</td></tr>
<tr><td rowspan="2">स्योनाई पुस्तकालय</td><td>मंगलबार बाट शुक्रबार</td><td colspan="2">१० बजे देखि १९ बजे सम्म</td><td rowspan="2"></td></tr>
<tr><td>शनिबार, आइतबार, पर्ब बिदा</td><td colspan="2">१० बजे देखि १७ बजे सम्म</td></tr>
<tr><td rowspan="2">सेन्री पुस्तकालय</td><td>मंगलबार बाट शुक्रबार</td><td colspan="3">१० बजे देखि २० बजे सम्म</td></tr>
<tr><td>शनिबार, आइतबार, सोमबार पर्ब बिदा</td><td colspan="3">१० बजे देखि १७ बजे सम्म</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| नोबाताके पुस्तकालय | मंगलबार बाट शुक्रबार | १० बजे देखि १९ बजे सम्म | |
| | शनिबार, आइतबार, पर्ब बिदा | १० बजे देखि १७ बजे सम्म | |
| हिगासी तोयोनाखा पुस्तकालय<br>हात्तोरी पुस्तकालय | मंगलबार बाट आइतबार | १० बजे देखि १७ बजे सम्म | |
| ताखागावा पुस्तकालय<br>होतारुगाइके पुस्तकालय | सोमबार, बुधबार | १० बजे देखि १९ बजे सम्म | |
| | मंगलबार, बिहिबार | १० बजे देखि १७ बजे सम्म | |
| | शनि, आइतबार | | |

- पुस्तकालय बन्द हुने दिनहरु

| | |
|---|---|
| ओखामाची पुस्तकालय,<br>स्योनाई पुस्तकालय,<br>नोबाताके पुस्तकालय | सोमबार (सार्वजनिक बिदा, पर्व बिदा तथा सटटा बिदाहरु)<br>पुस्तकालय ब्यबस्थापनको दिन (अगष्ट, डिसेम्बर बाहेक अन्य महिनाको अन्तिम शुक्रबार)<br>बर्षान्त र बर्ष आरम्भको बिदा<br>बिशेष ब्यबस्थापनको दिन |
| सेन्री पुस्तकालय | पुस्तकालय ब्यबस्थापनको दिन (डिसेम्बर बाहेक अन्य महिनाको अन्तिम शुक्रबार)<br>बर्षान्त र बर्ष आरम्भको बिदा<br>बिशेष ब्यबस्थापनको दिन |
| हिगासी तोयोनाखा पुस्तकालय<br>हात्तोरी पुस्तकालय | सोमबार (पर्व बिदा तथा सटटा बिदाहरु)<br>पुस्तकालय ब्यबस्थापनको दिन (अगष्ट, डिसेम्बर बाहेक अन्य महिनाको अन्तिम शुक्रबार)<br>पर्व बिदा<br>बर्षान्त र बर्ष आरम्भको बिदा<br>बिशेष ब्यबस्थापनको दिन |
| ताखागावा पुस्तकालय<br>होतारुगाइके पुस्तकालय | शुक्रबार (पर्व बिदा तथा पर्व बिदा परेको दिन सार्वजनिक बिदा परेमा त्यस अगाडीको दिन पनि)<br>पुस्तकालय ब्यबस्थापनको दिन (अगष्ट, डिसेम्बर बाहेक अन्य |

| | |
|---|---|
| | महिनाको अन्तिम बिहिबार)<br>पर्व बिदा<br>बर्षान्त र बर्ष आरम्भको बिदा<br>बिशेष व्यबस्थापनको दिन |

- ◆ पर्व बिदा सम्बन्धि व्यबस्था गरिएको कानुनको (स्योवा २३ साल बुँदा १७८) धारा २ बमोजिमको व्यबस्था गरिएको पर्व बिदा ।

माथि उल्लेखित पुस्तकालय बाहेक तोकुरानिसी सेन्टर पुस्तकालय पनि रहेका छन ।

➢ तोकुरानिसी सेन्टर पुस्तकालय (तोयोनाखा सि, तोकुरानिसी १ ४ २२ तोकुरानिसी सेन्टर परिसर)
खुल्ने समय : बुधबार, आइतबार    खुल्ने समय : १४ बजे देखि १७ बजे सम्म

➢ इबुकी पुस्तक सेवा स्थल
(तोयोनाखा सि, हात्तोरी निसीमाची ४ १३ १ सेइनेन नो इए इबुकि भित्र)
खुल्ने समय : बुधबार, शनिबार    खुल्ने समय : १३:१५ देखि १६:४५ सम्म

➢ तोयोनाका स्टेशन पुस्तक सेवा स्थल
(तोयोनाखा सि, होनमाची १(१(१    टोयोनाका स्टेशन परिसर )
खुल्ने समय : मंगलबार देखि शुक्रवार सम्म    खुल्ने समय : बिहान 10 बजे देखि 8 बजे सम्म
खुल्ने समय : सनिबार र आइतबार    खुल्ने समय : बिहान 10 बजे देखि 5 बजे सम्म

त्यस्तै, घुम्ने पुस्तकालय पालै संग नगरपालिका भित्र घुम्नेछ ।

➢ सम्पर्क : ओखामाची पुस्तकालय    फोन नम्बर : ०६ ६८४३ ४५५३

तोयोनाखा नगरपालिका पुस्तकालय प्रयोग सम्बन्धि जानकारी
तोयोनाखा नगरपालिका पुस्तकालयको होमपेज http://www.lib.toyonaka.osaka.jp/